ओरियण्टल होटल्स लिमिटेड

लाजिम्पाट, काठमाण्डौ

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि- १४

(नियम २६ को उपनियम १ सँग सम्बन्धित

अनुसुची –१४

आर्थिक वर्ष २०८२/८३ का दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(क) दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण :

१) आर्थिक वर्ष २०८२/८३ मा यस कम्पनीको १ श्रावण २०८२ देखी ३० पौष २०८२ मा समाप्त भएको दोस्रो त्रैमासिक अवधिको वार्षिक वित्तीय विवरण, गत बर्ष र यस बर्षको सोही अवधिको तुलनात्मक विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ।

२) सम्बन्धित पक्ष (related party) बीच भएको कारोबार सम्बन्धी विवरण :

आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिक समिक्षा अवधिमा कम्पनीका सम्बन्धित पक्षहरु (Related Parties) बीच होटलको नियमित व्यवसायिक गतिविधि अन्तर्गत हुने कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) प्रमुख वित्तिय अनुपातहरु (Key Financial Ratios) :

प्रमुख वित्तीय सुचकांक		यस बर्षको दोस्रो त्रैमासिक अवधि अन्त्य को (पौष ३०, २०८२)	यस बर्षको प्रथम त्रैमासिकअवधि अन्त्य को (आश्विन ३१, २०८२)	गत बर्षको दोस्रो त्रैमासिक अवधि अन्त्य का (पौष २९, २०८१)
		लेखा परिक्षण नभएको	लेखा परिक्षण नभएको	लेखा परिक्षण नभएको
डेब्ट इक्युटी अनुपात	अनुपात	०.३३	०.३३	०.३०
शेयर पूंजीकोष आम्दानी	प्रतिशत	(०.७१)	(०.७६)	(०.३३)
प्रति शेयर आम्दानी	रु.	(२.३२)	(२.५०)	(१.०८)
नेटवर्थ प्रति शेयर	रु.	३२८.३३	३२८.१६	३२५.८८
प्रति शेयर कुल स्थिर सम्पत्ति	रु.	१३५.२६	१३६.३६	१३४.५१
प्रति शेयर बजार मूल्य	रु.	७०४	६७०	८५७
मूल्य आम्दानी अनुपात	अनुपात	(३०३.९९)	(२६८.५१)	(७९६.६४)
चालु अनुपात	अनुपात	१.६९	१.४७	१.२६

Oriental Hotels Ltd. Kathmandu NEPAL

२. व्यवस्थापकीय विश्लेषण

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात र तरलता सन्तोषजनक नै रहेको छ ।

(ख) आर्थिक वर्ष २०८२।८३ को दोस्रो त्रैमासिकको समिक्षा अवधिको अन्त्यमा अर्थात् पौष ३०, २०८२ सम्मको वित्तिय विवरणहरु र कार्य सम्पादनका सुचांकहरुलाई अघिल्लो आर्थिक वर्षको सोहि अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनिको कुल बिकीमा ५.३८ प्रतिशतले कमि भएको छ भने कुल खर्चमा १.५२ प्रतिशतले कमि आएको छ, जसले गर्दा आयकर पश्चात खुद नोक्शान रु. १ करोड ४६ लाख ८९ हजारले बृद्धि भएको छ जसको मुख्य कारण यस होटलको पुरानो परिशर रिनोभेशनको लागि बन्द हुनु साथै यसै अवधिमा पर्यटक आगमनमा कमि आएको कारणले आशातित रुपमा लक्ष्य हांसिल गर्न नसकिएको हो । उपरोक्त रिनोभेशनको कार्य यसै बर्षको अन्त्य सम्ममा निर्माण सम्पन्न गरि आगामी आर्थिक बर्ष देखि संचालनमा ल्याउने लक्ष्य रहेको छ ।

(ग) कम्पनीको हालको समिक्षा अवधिको कुल बिक्री र नाफालाई बिश्लेषण गर्दा यसरी घट्नुको मुख्य कारण यस होटलको पुरानो परिशरको तेस्रो, चौथो र पांचौ तल्लाको ६० वटा कोठाहरुको रिनोभेशन कार्य भै रहेकोले केहि समयको लागि उक्त परिशरनै बन्द गर्नुपरेकोले सो अवधिमा उक्त परिशरमा रहेको १०० वटा कोठाहरु तथा सोमा अवस्थित रेसटुरेन्टहरु समेत बन्द भएकोले आय तथा नाफामा उल्लेखिनिय रुपमा कमी आएको हो ।

त्यसै गरि जेनजी पुस्ताले भ्रष्टाचार र प्रशासनिक असन्तुष्टिको विरुद्धमा सुरु गरेको आन्दोलनले आर्थिक वर्ष २०८२/८३ को पहिलो र दोस्रो त्रैमासिकमा पर्यटक आगमनमा गिरावट ल्याएको छ, यसले होटल व्यवसाय, ट्राभल एजेन्सीहरूको आम्दानीमा प्रत्यक्ष असर देखिएको छ । यस आन्दोलनका कारण विदेशी पर्यटकहरूको आगमनमा कमी आएको छ भने होटल, रेस्टुरेन्ट तथा ट्राभल एजेन्सीहरू आर्थिक संकटमा परेका छन् ।

(ग) आगामी दिनमा यस होटलले नया नया होटलहरु संग प्रतिस्पर्धा गरि ग्राहकहरुलाई उच्चतम सेवा प्रदान गर्न पुरानो परिशरको तेस्रो, चौथो र पांचौ तल्लाहरुलाई पुर्ण रुपले रिनोभेसन गर्ने कार्यको थालनी गरि सकेको र सो कार्य यसै आर्थिक बर्षको अन्त्य सम्ममा सम्पन्न भई आगामी आर्थिक बर्षको शुरुवात देखिनै नयां अत्याधुनिक सुबिधा सम्पन्न कोठाहरु संचालनमा ल्याई नयां संचालित होटलसंग प्रतिस्पर्धा गरि आयमा उल्कलेखिनिय रुपमा बृद्धि गर्दै जाने लक्ष्य लिईएको छ । यसै बर्ष देखि यस होटलको परिशरमा अवस्थित नया सर्भिस अमार्टमेन्ट होटलको ३० ओटा बिभिन्न साइजका अमार्टमेन्टसमेत पुर्ण रुपमा संचालनमा आइसकेको र त्यसको प्रतिफलको प्रभाव बढुदै गईरहेकोले आगामी दिनहरुमा यस होटलको बिक्री र नाफामा उल्लेखिनिय रुपमा बृद्धि हुनेछ भन्ने प्रक्षेपण गरिएको छ ।

(घ) आगामी दिनहरुमा कम्पनिले उपयुक्त अवसरको खोजी गरि अक्युपेन्सी र आम्दानी बढाउनका लागि अपनाउनु पर्ने सबै व्याबसायिक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै उपलब्ध अत्याधुनिक साधनहरुको प्रयोग लगायत सबै उपायहरु अबलम्बन गरि कार्य गर्नेछ भने होटल संचालन लागतमा मितव्ययिता अपनाई नियन्त्रणात्मक कार्य योजना अन्तर्गत अनावश्यक खर्च कटौतीलाई जारी राख्दै विविध बजार खण्डमा सुक्ष्म रुपमा प्रवेश गरि आफ्नो व्यावसायिक गतिविधिहरु संचालन जारी राख्नेछ ।

Oriental Hotels Ltd. Kathmandu *NEPAL*

(ङ) सहवित्तियकरण कर्जा एवम् चालू पूँजीहरुको साँवा व्याज नेपाल राष्ट्र बैंकद्वारा निर्देशित सुविधाहरुलाई ग्रहण गर्दै निर्धारित समयमा भुक्तानी गरिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अबधिमा यस होटल/विरुद्ध कूनै मूद्दा दायर नभएको ।

(ख) यस कंपनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

शेयर मूल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा शेयर कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) **यस अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्या निम्न अनुशार रहेको** :

बिबरण	अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रु.	अन्तिम मूल्य रु.	कूल कारोबार संख्या	कारोबार दिन
२०८२।०८३ को दोस्रो त्रैमासिक अवधिको	७५२	६६९.२०	७०४	१८९१	३८

यस कम्पनीले आफ्नो शेयर रजिष्ट्रारको रुपमा श्री एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंलाई मुकरर गरिएको र माथि उल्लिखित विवरण नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको वेबसाईट www.nepalstock.com मा उपलब्ध रहेको । उपरोक्त वेबसाईटमा उपलब्ध भएको श्रावण १, २०८२ देखि पौष ३०, २०८२ को शेयरको तथ्याकंलाई आधार लिईएको ।

५. **समस्या तथा चुनौतीहरु :**

(क) **समस्या तथा चुनौतीहरु**

आन्तरिक समस्याहरु

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

बाह्य समस्याहरु :

(१) अप्रत्यासित रुपमा जेनजी आन्दोलनले पर्यटन क्षेत्रमा ल्याएको समस्थाले पर्यटन क्षेत्रलाई पार्ने असर ।

(२) देशमा नयां नयां होटलहरु निर्माण भई संचालनमा आउने क्रम बढेको तर सोहि अनुपातमा पर्यटकको आगमनमा बृद्धि नहुनु ।

(३) अप्रत्यासित रुपमा घट्ने पर्यटन प्रतिकुलताका राष्ट्रिय र अन्राष्ट्रिय प्रभाव जस्तै रसिया युक्रेन र इजराइल र हमास युद्धको असरको प्रभाव ।

Oriental Hotels Ltd. Kathmandu NEPAL

(४) पर्यटन उद्योगमा देखिने राजनैतिक अशान्ति, अप्रत्यासित रुपमा हुने बन्द हड्ताल, आन्तरिक पर्यटन प्रर्बधनको कमी, पर्यटकिय सार्वजनिक यातायातको अभाव तथा अन्तराष्ट्रिय हवाइ सिट क्षमतामा न्यूनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।

(५) पर्यटन भौतिक पूर्वाधारको विकासको कमी ।

(६) बिदेशी मुद्राको विनिमय दरमा हुने उतार चढाव ।

(७) पर्यटकहरुलाई नेपाल आवत जावत गर्ने हवाई भाडा दरमा एक्कासी बृद्धि हुनु ।

(८) अचानक रुपमा आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा देवी प्रकोपहरु

(ख) रणनिति

उपरोक्त समस्या तथा चुनौति सामना गर्नुपरेको आवस्थामा पनि ससक्त बजार व्यवस्थापन, होटेलका पाहुनालाई प्रदान गरिने गुणस्तरिय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नती, होटेलका सेवा सुविधा सम्बन्धि भौतिक पूर्वाधार र संरचानको स्तर बृद्धि वा प्रतिस्थापन गरि लक्ष्य अनुसारको पर्यटन व्यावसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाइ अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तदअनुरुप कायम गरि संभावित हानी नोक्शानी कम गर्न व्यवस्थापन चनाखो तथा प्रतिबद्ध छ साथै पुराना ग्राहकहरुलाई विस्तापित हुन नदिनु र नयां ग्राहकलाई खोजी गर्नु यस कम्पनीको रणनीति रहेको छ ।

६ संस्थागत सुशासन

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा पालन गर्नु पर्ने आचरण सम्बन्धी व्यबस्था, संचालकहरुको कर्तब्य र उत्तरदायित्व प्रति, कर्मचारीहरुले पालन गर्नु पर्ने आचरण सम्बन्धी व्यबस्था प्रति, लेखा परिक्षण समिति सम्बन्धी व्यबस्था प्रति व्यवस्थापन पूर्णरुपमा सजग रही पालना गरिएको । यस कम्पनीले नियमकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र विभिन्न निर्देशनहरु पूर्ण रुपले पालन गर्दै आएको ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित हुन र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

Oriental Hotels Ltd. Kathmandu NEPAL

.....

अनिल दास श्रेष्ठ

प्रबन्ध संचालक

मितिः २०८२।१०।२८

अनुसूची १

ORIENTAL HOTELS LIMITED
LAZIMPAT, KATHMANDU
STATEMENT OF UNAUDITED FINANCIAL POSITION
As at 30th Poush 2082 (14th January, 2026)

(Amount in NRs.)

	This Quarter Ending on 30th Poush 2082	Previous Quarter Ending on 31th Aswin 2082	Corresponding Previous Year Quarter Ending on 29th Poush 2081
	Unaudited	Unaudited	Audited
ASSETS			
Non-current assets			
Property, Plant and Equipment	4,865,689,033	4,885,776,774	3,873,595,132
Right-of use-assets	339,455,116	358,704,047	342,967,653
Intangible assets	-	-	185,331
Investment Property	42,263,148	43,006,650	43,750,153
Capital Work-In-Progress	12,810,639	12,810,639	931,615,753
Total Non- Current Assets	**5,260,217,936**	**5,300,298,112**	**5,192,114,022**
Current assets			
Inventories	108,290,807	116,488,715	93,451,662
Employee Loans	1,936,657	1,402,798	1,925,464
Trade receivables	231,499,122	204,247,314	235,224,808
Cash and cash equivalents	256,272,007	302,874,905	296,099,615
Other current assets	102,070,429	28,891,482	95,522,978
Income Tax Assets	15,504,174	13,961,093	15,902,376
Total Current Assets	**715,573,197**	**667,866,308**	**738,126,903**
Total Assets	**5,975,791,132**	**5,968,164,420**	**5,930,240,926**
EQUITY AND LIABILITIES			
EQUITY			
Share capital	1,184,494,960	1,184,494,960	1,184,494,960
Reserve and Surplus	2,704,613,412	2,702,489,073	2,675,509,173
Total Equity	**3,889,108,371**	**3,886,984,033**	**3,860,004,132**
LIABILITIES			
Non-current liabilities			
Loans and Borrowings	1,103,309,754	1,080,809,754	939,009,753
Employee Benefits	34,108,833	36,369,683	22,792,891
Other non-current liabilities	461,330,540	472,307,739	438,101,158
Deferred tax liabilities	37,990,698	37,555,593	56,705,299
Total Non-current Liabilities	**1,636,739,825**	**1,627,042,768**	**1,456,609,101**
Current liabilities			
Loans and Borrowings	181,679,350	188,935,286	233,733,494
Trade payables	169,243,002	144,490,663	228,657,943
Employee Benefits	2,260,850	-	2,260,850
Other current liabilities	86,235,277	113,153,854	127,008,740
Provisions	10,524,457	7,557,816	21,966,665
Total current Liabilities	**449,942,937**	**454,137,619**	**613,627,692**
Total Equity and Liabilities	**5,975,791,132**	**5,968,164,420**	**5,930,240,926**

Oriental Hotels Ltd Kathmandu NEPAL

ORIENTAL HOTELS LIMITED
LAZIMPAT, KATHMANDU
STATEMENT OF UNAUDITED INCOME STATEMENT
Fot the period ended on 30th Poush 2082 (14th January, 2026)

(Amount in NRs.)

Particulars	This Quarter Ending on 30th Poush 2082	Previous Quarter Ending on 31th Aswin 2082	Corresponding Previous Year Quarter Ending on 29th Poush 2081
	Unaudited	Unaudited	Unaudited
Revenue From Operations	484,615,269	219,770,105	515,817,464
Other Income	7,162,703	2,197,952	3,944,445
Gross Profit	491,777,973	221,968,057	519,761,908
EXPENSES			
Cost of Food, Provision & Beverage consumed	57,186,594	27,319,274	59,694,794
Operating Supplies & Expenses	93,789,258	45,259,504	94,307,146
Employee Benefits Expense	161,679,191	90,584,320	182,572,400
Depreciation and Amortization Expense	64,388,945	20,014,028	62,944,414
Administrative & General Expenses	78,157,338	54,225,792	70,459,382
Total Expenses	455,201,326	237,402,919	469,978,136
Profit from operations	36,576,647	(15,434,862)	49,783,772
Finance Cost	69,626,589	20,174,524	65,135,993
Profit before Exceptional items and tax	(33,049,942)	(35,609,386)	(15,352,220)
Exceptional items	-		-
Profit Before Tax	(33,049,942)	(35,609,386)	(15,352,220)
Income Tax Expense	-	-	
Deferred Tax	(5,618,490)	(6,053,596)	(2,609,878)
Profit from continuing Operations	(27,431,452)	(29,555,791)	(12,742,342)
Net Profit for the year	(27,431,452)	(29,555,791)	(12,742,342)

Oriental Hotels Ltd. Kathmandu *NEPAL*

Note: This Financial Statement is subject to adjustments, if any, arising from the statutory audit or changes made by the Regulatory authority.